नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी , भक्तपुर

प.सं. २०८०/८१ शि. व्य.

शाखा सम्पर्क नं. ०१-६६३५११३

च.नं. ९५

मितिः २०८०/०८/२६

**विषयः सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै।

श्री स्थानीय तह,

सबै ।

सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ६७ मिति २०८०/०५/२१ को पत्र साथ संलग्न नेपाल विद्यालय कर्मचारी परिषदको अनुरोध भई आएको तथा समय समयमा विभिन्न सरोकारवाला व्यक्ति तथा निकायबाट सोधनी हुने गरेको हुँदा तपशील अनुसारका ऐन, नियम, कार्यविधि एवम् निर्णयमा उल्लेख भए अनुसार आवश्यकता, औचित्य र सम्बन्धित कर्मचारीको हित समेतलाई विचार गरी कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छः-

(१)शिक्षा नियमावली २०५९ को नियम १४४ ख को उपनियम (१), (२) र (३) मा व्यवस्था भए बमोजिम समुदायिक विद्यालयका कर्मचारीको नियुक्ति गर्ने, गराउने व्यवस्था गर्नु हुन।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उपदफा (२ज) को खण्ड (११) मा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने विषय उल्लेख रहेको साथै सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद-४, को निकायगत भूमिका शीर्षक अन्तर्गत समायोजन एवम् एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका अन्तर्गत बुँदा नं. (१२) मा "स्थानीय तहको निर्णयको आधारमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने" भन्ने उल्लेख भएको हुँदा सोही अनुसार गर्न गराउनु हुन।

(३)यस केन्द्रको च.नं. २४३, मिति २०७८/१२/२२ मा समायोजित कर्मचारीका बारेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/१२/२० को माननीय मन्त्रीस्तरको निर्णय अनुसारको सबै शिक्षा विकास तथा समन्वय इकाइहरुलाई गरिएको परिपत्रको प्रतिलिपि यसै साथ संलग्न छ। यसमा उल्लेख भए अनुसार समायोजित विद्यालयका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुन।

**बोधार्थः**

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ।

श्री नेपाल विद्यालय कर्मचारी परिषद, राष्ट्रिय समिति।

प्रेम भट्टराई

निर्देशक

URL: https://www.cehrd.gov.np

Section email : teachermgt.cehrd@gmail.com